# प्रादेशिक आीर्थक गतिविधि अध्ययन प्रतिवेदन

# सुदूरपश्चिम प्रदेश

प्रथम अर्ध-वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७७/७८)




## नेपाल राष्ट्र बैंक

## धनगढी कार्यालय

# भूमिका

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता,शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने काम गर्दछ ।साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ ।

नेपालको संविधान अनुसार नेपालको शासकीय स्वरुप संघीय संरचनामा नेपाललाई ७५३ स्थानीय तह, ७ प्रदेश र संघीय सरकारको रुपमा विभाजन गरिएको छ । यो विभाजन मध्ये सुदूरपश्चिम प्रदेश अन्तर्गत रहेका ९ जिल्लामध्ये २ जिल्ला (कैलाली र कञ्चनपुर) तराई क्षेत्रमा, ४ जिल्ला (डोटी, डडेल्धुरा, अछाम, बैतडी) पहाडी क्षेत्रमा र ३ जिल्ला (दार्चुला, बझाङ र बाजुरा) हिमाली क्षेत्रमा पर्दछन् ।

आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ मा भएको व्यवस्था अनुसार आर्थिक गतिविधि अध्ययन गरी सुदूरपश्चिम प्रदेशका ९ जिल्ला समेटी प्रदेशगत प्रतिवेदन प्रकाशन गरिएको छ ।

निर्देशक

## विषयसूची


**परिच्छेद १** ........ १

**कृषि उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति** ........ १

१.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा ........ १

१.२ अन्तर प्रदेश तुलना ........ १

१.३ प्रादेशिक क्षमता, चुनौतीतथा सम्भावना ........ २

**१.३.१ प्रादेशिक क्षमता** ........ २

**१.३.३ सुदूरपश्चिम प्रदेशका सम्भावनाहरु** ........ २

**कृषि क्षेत्र** ........ ३

२.१ कृषि उपजले ढाकेको भू क्षेत्र ........ ३

२.२ कृषि उत्पादन ........ ४

२.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन ........ ५

२.४ सिंचाई ........ ६

२.५ क्षेत्रगत कृषि कर्जा ........ ६

२.६ सहुलियतपूर्ण कर्जा ........ ७

२.७कृषि क्षेत्रका सम्भावना र चुनौतीहरु ........ ७

**परिच्छेद ३** ........ ८

**उद्योग क्षेत्र** ........ ८

३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी ........ ८

३.२ क्षेत्रगत औद्योगिक कर्जा ........ ८

३.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना ........ ९

**परिच्छेद ४** ........ ११

**सेवा क्षेत्र** ........ ११

४.१ पर्यटन ........ ११

४.२ सार्वजनिक निर्माण तथा रियल स्टेट ........ ११

४.३ वित्तीय सेवा ........ ११

४.४ यातायात ........ १२

४.५ सेवा क्षेत्र कर्जा ........ १२

४.६ सेवा क्षेत्रको चुनौती र सम्भावना ........ १३

**परिच्छेद ५** ........ १५

**पूर्वाधार र रोजगारी** ........ १५

५.१ पूर्वाधार क्षेत्र ........ १५

५.२ वैदेशिक रोजगारी ........ १५

५.३ प्रत्यक्ष वैदेशिक लगानी ........ १५

५.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ........ १६

**परिच्छेद ६** ........ १७

**आर्थिक परिदृष्य** ........ १७

६.१ कृषि उत्पादन ........ १७

६.२ औद्योगिक उत्पादन ........ १७

६.३ सेवा क्षेत्र ........ १७

६.४ पूर्वाधार क्षेत्र ........ १८

# सारांश

## कृषि

१. समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र ०.२९ प्रतिशतले वृद्धि भएको छ  भने यस्ता बालीको उत्पादन ५.३० प्रतिशतले बढेको छ ।

२. प्रमुख खाद्य तथा अन्य बालीमध्ये सवैभन्दा बढी उखुको उत्पादनमा ८.८८ प्रतिशतले वृद्धि भएको छ भने दलहन उत्पादनमा ०.५० प्रतिशतले ह्रास आएको छ । त्यसैगरी, समीक्षा अवधिमा तरकारी उत्पादन २.३८ प्रतिशतले बढेको छ।

३. पशुजन्य उत्पादन अन्तर्गत दूध १.१४ प्रतिशत, मासु २.० प्रतिशत र अण्डा ०.४७ प्रतिशतले बढेको छ ।

४. समीक्षा अवधिमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले १०.४५ प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन् ।

## उद्योग

५. समीक्षा अवधिमा यस प्रदेशका अध्ययन नमुनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४९.३९ प्रतिशत रहेको छ ।

६. औद्योगिक उत्पादनमध्ये आ.व.२०७७/०७८ को अर्ध-वार्षिक अवधिमा गत आ.व.को सोही अवधिको तुलनामा साबुन, गहुँको पिठो, प्रशोधित दुध, चामल तथा इँटा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग बढेको छ भने अन्यको क्षमता उपयोगमा  ह्रास आएको छ ।

७. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको २१.७१ प्रतिशत रहेको छ ।

## सेवा

८. समीक्षा अवधिमा यस प्रदेशमा पर्यटक स्तरीय होटल तथा लज संख्यामा कुनै परिवर्तन आएको छैन भने शैया संख्या ४.५६ प्रतिशतले बढेको छ ।

९. घरजग्गा रजिष्ट्रेशन संख्या १०.४६ प्रतिशत र रजिष्ट्रेशन वापतको राजस्व ३६.५० प्रतिशतले वृद्धि भएको छ ।

१०. बैंक तथा वित्तीय संस्थाले आ.व.२०७७/०७८ को पुस मसान्तसम्म यस प्रदेशबाट गरेको निक्षेप परिचालन २०७७ असार मसान्तको तुलनामा ९.४१ प्रतिशतले र यस प्रदेशभित्र प्रवाह गरेको कर्जा २४.९६ प्रतिशतले वृद्धि भएको छ ।

११. समीक्षा अवधिमा यातायात साधन संख्या १३.०७ प्रतिशतले वृद्धि भएको छ ।

परिच्छेद १

# कृषि उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति

## १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

आर्थिक वर्ष २०७७/७८ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.२ खर्व ९३ अर्ब हुने अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षको संशोधित अनुमान रु.२ खर्व ७३ अर्ब रहेको थियो । अघिल्लो आर्थिक वर्षमा राष्ट्रिय गार्हस्थ्य उत्पादनमा यस प्रदेशले ७ प्रतिशत हिस्सा ओगटेको थियो भने आ.व.२०७७/७८ मा यस प्रदेशको योगदान ६.९ प्रतिशत हुने अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ०.६० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा ३.४ प्रतिशत हुने अनुमान गरिएको छ । कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३५.५ प्रतिशत कृषि क्षेत्रको रहेको छ भने सबैभन्दा कम योगदान ०.१ प्रतिशत प्रशासनिक तथा सहयोगी सेवा सम्बन्धी गतिविधिको रहेको छ । (स्रोतः केन्द्रीय तथ्याङ्क विभाग)

## १.२ अन्तर प्रदेश तुलना

आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय वार्षिक कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा रु.४२ खर्व ७७ अर्ब हुने अनुमान गरिएकोमा सबैभन्दा बढी ३७.७ प्रतिशत योगदान सहित वागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु.१६ खर्व ७ अर्ब हुने अनुमान गरिएको छ भने सबैभन्दा कम हिस्सा ४ प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिव रु.१ खर्व ७१ अर्ब हुने अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षजस्तै आर्थिक वर्ष २०७७/७८ मा पनि वागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुऱ्याउने प्रदेशहरुमा क्रमशः प्रदेश १, लुम्बिनी प्रदेश, प्रदेश २, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश रहेका छन् ।

कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर यस आर्थिक वर्षमा राष्ट्रिय तहमा उपभोक्ता मूल्यमा ४ प्रतिशत अनुमान गरिएकोमा बागमती प्रदेशको वृद्धिदर सबैभन्दा बढी ४.७ प्रतिशत र  सुदूरपश्चिम प्रदेशको वृद्धिदर सबैभन्दा कम ३.४ प्रतिशत रहने अनुमान गरिएको छ । अघिल्लो आर्थिक वर्षमा कर्णाली प्रदेश रप्रदेश नं. २ को वृद्धिदर सबैभन्दा बढी ०.७ प्रतिशत रहेको थियो भने कर्णाली र सदूरपश्चिम प्रदेशबाहेक अन्य प्रदेशहरुको वृद्धिदर ऋणात्मक रहको थियो ।

**तालिकाः प्रादेशिक आर्थिक परिसूचकहरु**

(आर्थिक वर्ष २०७७/७८)

| आर्थिक परिसूचक | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ६६३.६० | ५६१.६६ | १६०७.६६ | ३७२.१६ | ५९५.५७ | १७१.७६ | २९३.९१ | ४२६६.३२ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.६ | १३.२ | ३७.७ | ८.७ | १४ | ४ | ६.९ | १०० |
| आर्थिक वृद्धिदर (प्रतिशत) | ३.६ | ३.५ | ४.७ | ३.६ | ३.९ | ३.६ | ३.४ | ४ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५ | १९.९ | १६.८ | ९.५ | १७.४ | ५.२ | ९.६ | १०० |
| उद्योग क्षेत्रमा  प्रदेशको अंश(प्रतिशत) | १९.५२ | ११.७७ | ३०.४६ | ११.६५ | १५.९५ | ३.३२ | ७.३३ | १०० |
| सेवा क्षेत्रमा  प्रदेशको अंश (प्रतिशत) | १२.५९ | ११.०१ | ४६.७४ | ७.७८ | १२.३१ | ३.७५ | ५.८१ | १००. |
| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | | | |
| कृषि क्षेत्र | ३५.१९ | ३८.३४ | ११.७९ | २८.१६ | ३१.८७ | ३३.०१ | ३५.५१ | २५.८३ |
| उद्योग क्षेत्र | १६.१९ | ११.५० | १०.८३ | १७.४७ | १४.८३ | १०.७१ | १३.७४ | १३.११ |
| सेवा क्षेत्र | ४८.६२ | ५०.१६ | ७७.३८ | ५४.३६ | ५३.३० | ५६.२८ | ५०.७४ | ६१.५६ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग ।

### १.३ प्रादेशिक क्षमता, चुनौतीतथा सम्भावना

#### १.३.१ प्रादेशिक क्षमता

१. सुदूरपश्चिम प्रदेशका तराईका जिल्लाहरुमा कृषिको व्यावसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरणमार्फत् कृषिजन्य उत्पादनहरुमा आत्मनिर्भर बनाउन तथापहाडी क्षेत्रमा फलफूल तथा पशुजन्य उत्पादन प्रवर्द्धन एवं हिमाली क्षेत्रमा जडिवुटी प्रशोधन उद्योगहरु स्थापना गरेर यस क्षेत्रको आर्थिक विकासमा टेवा पुऱ्याउन सकिने ।

२. यस प्रदेशमा कर्णाली, महाकाली,सेती, चमेलिया, बुढीगंगा लगायतका नदीहरु रहेकाले प्रशस्त मात्रामा सिंचाईको व्यवस्था गर्न सकिनुका साथै जलविद्युत उत्पादन मार्फत् विद्युत निर्यात गर्न सकिने।

३. भारतको सबैभन्दा बढी जनसंख्या भएको उत्तर प्रदेश र भारतको राजधानी नयाँ दिल्ली यहाँबाट नजिकै पर्ने भएकाले स्थानीय रुपमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित उद्योग स्थापना गरी तुलनात्मक लाभका वस्तुहरु उत्पादन गरी निर्यात गर्न सकिने ।

४. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, खप्तड राष्ट्रिय निकुञ्ज, रामारोशन क्षेत्र, अपी नाम्पा संरक्षण क्षेत्र तथा विभिन्न धार्मिक तथा ऐतिहासिक धरोहरहरु रहेको यस प्रदेशमा पर्यटन पूर्वाधारको विकास गरी आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गर्न सकिने ।

#### १.३.२ सुदूरपश्चिम प्रदेशका चुनौतीहरु

१. गरिवी, खाद्य सुरक्षा, वित्तीय पहुँचको कमजोर अवस्था, न्यून निक्षेप संकलन तथा कर्जा परिचालन, उच्च उत्पादन लागत, दक्ष जनशक्तिको अभाव मुख्य चुनौतीको रुपमा रहेको ।

२. प्रदेशको राजस्व संकलन गर्ने क्षमता न्यून रहेको अवस्थामा प्रदेशको स्रोत साधनको उपलब्धता बीचको खाडल पूर्ती गर्ने कार्य चुनौतीपूर्ण रहेको ।

३. स्थानीय र प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्ने तथा पूर्वाधार निर्माणका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने कार्य चुनौतीपूर्ण रहेको ।

#### १.३.३ सुदूरपश्चिम प्रदेशका सम्भावनाहरु

१. जनसंख्याको अनुपातमा कर्जा लगानी न्यून रहेकाले कर्जा परिचालनमा वृद्धि मार्फत् आर्थिक गतिविधि बढाउनुका साथै रोजगारीका अवसरहरु सिर्जना गर्न सकिने ।

२. तरकारी विकास कार्यक्रम सञ्चालन गरी प्रदेशलाई तरकारीमा आत्मनिर्भर बनाउन सकिने ।

३. दार्चुला, बझाङ र बाजुरा जिल्लाका स्याउ उत्पादक किसानहरुको उत्पादित स्याउको बजारीकरण तथा लघु प्रशोधन केन्द्र स्थापना मार्फत् स्याउ उत्पादनमा प्रोत्साहित किसानको आयआर्जन बढाउन सकिने ।

४. यस प्रदेशमा पाइने उच्च मूल्यका जडिवुटीहरुको प्रशोधनका लागि सार्वजनिक निजी साझेदारी मोडेलमा जडिवुटी प्रशोधन केन्द्र स्थापना मार्फत्राजस्व वृद्धि तथा जनताको जीवनस्तरमा सुधार ल्याउन सकिने ।

५. प्रदेशभित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक क्षेत्रमा पर्यटन पूर्वाधार विकास गरी आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने ।


परिच्छेद २

# कृषि क्षेत्र

## २.१ कृषि उपजले ढाकेको भू क्षेत्र

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र ०.२९ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा ०.८४ प्रतिशतले ह्रास आएको थियो।

**२.१.१ खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा ०.०२ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा ०.९५ प्रतिशतले ह्रास आएको थियो।समीक्षा अवधिमा मकै, कोदो, आलु, उखु र भटमासको ढाकेको क्षेत्रफलमा क्रमशः ०.६२ प्रतिशत,०.२० प्रतिशत, ६.३१ प्रतिशत, ६.४९ प्रतिशत र १.१६ प्रतिशतले वृद्धि भएको छ भने धान र तेलहन बालीले ढाकेको क्षेत्रफलमा क्रमशः ०.५३ प्रतिशत र २.६३ प्रतिशतले ह्रास आएको छ।




स्रोत : कृषि ज्ञानकेन्द्र हरु

**२.१.२ तरकारी:** समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफलमा ३.४६ प्रतिशतले वृद्धि भएको छ। अघिल्लोवर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा १.४५ प्रतिशतले वृद्धि भएको थियो।

**२.१.३ फलफूल तथा मसला:** समीक्षा अवधिमा फलफूल तथा मसलाले ढाकेको क्षेत्रफल ३.१९ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आ.व.को सोही अवधिमा यस्तो क्षेत्रफल ०.८८ प्रतिशतले ह्रास भएको थियो।

**जिल्लागत स्थिति** :समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशका नौ वटा जिल्लाहरुमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल सवैभन्दा बढी डडेल्धुरा जिल्लामा ३.९४ प्रतिशतले बढेको छ भने कैलाली जिल्लामा सो क्षेत्रफल १.१०


प्रतिशतले घटेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल दार्चुला जिल्लामा २३.४८ प्रतिशतले बढेको छ भने कैलाली जिल्लामा ०.०८ प्रतिशतले घटेको छ ।

## २.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन ५.३० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीको उत्पादन ३.३० प्रतिशतले ह्रास आएको थियो ।


### २.२.१ खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन ६.२६ प्रतिशतले वृद्धि भएको छ । प्रमुख खाद्य तथा अन्य बालीमध्ये सवैभन्दा बढी उखुको उत्पादन ८.८८ प्रतिशतले वृद्धि भएको छ भने दलहन ०.५० प्रतिशतले ह्रास आएको छ ।




स्रोत : कृषि ज्ञानकेन्द्र हरु

जिल्लागत आधारमा बाजुरा र अछाम जिल्लामा खाद्य तथा अन्न बालीको उत्पादनमा ह्रास आएको छ भने अन्य जिल्लाहरुमा यस्तो उत्पादनमा वृद्धि भएको छ । यस्ता बालीको उत्पादन सबैभन्दा बढी दार्चुला जिल्लामा १६.५५ प्रतिशतले वृद्धि भएकोछ भने बाजुरा जिल्लामा ५.२२ प्रतिशतले ह्रास आएको छ । दार्चुला जिल्लामा यसै वर्षदेखि उखु प्रवर्द्धनको कार्यक्रम शुरु भएको र आलुको बिउमा कृषि ज्ञान केन्द्रमार्फत् कृषि क्षेत्रमा गरिने कुल बजेटको करिव १५ देखि २० प्रतिशतसम्म खर्च भएको कारण आलु र उखुको उत्पादनमा उल्लेख्य वृद्धि भई दार्चुलामा समग्र खाद्य तथा अन्य बालीमा समेत उच्च वृद्धि हुन गएको हो ।




स्रोत : कृषि ज्ञानकेन्द्रहरु

**२.२.२. तरकारी :** समीक्षा अवधिमा तरकारीको उत्पादनमा २.३८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा तरकारी उत्पादन ६.१३ प्रतिशतले वृद्धि भएको थियो । जिल्लागत आधारमा तरकारीको समग्र उत्पादन सवैभन्दा बढी बाजुरा जिल्लामा १२.२३ प्रतिशतले वृद्धि भएको छ भने कैलाली जिल्लामा सवैभन्दा कम ०.५९ प्रतिशतले बढेको छ ।

**२.२.३. फलफूल तथा मसला :**समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ०.९८ प्रतिशतले बढेको छ । यस समूह अन्तर्गत स्याउ उत्पादन १३.२७ प्रतिशत,सुन्तला उत्पादन ४.२३ प्रतिशत, अन्य फलफुलको उत्पादन ३.९६ प्रतिशत, केरा उत्पादन २.७४ प्रतिशत र आँप उत्पादन ०.०४ प्रतिशतले वृद्धि भएको छ भनेमसला उत्पादन १.२७ प्रतिशतलेह्रास भएको छ । दार्चुला जिल्लामा यसै वर्षदेखि स्याउ जोनको कार्यक्रम लागु भएको, ३ वटा पालिकाहरुमा ५०/५० लाखको मुख्यमन्त्री नमुना फलफुल गाउँ कार्यक्रम लागु भएको कारण फलफूलको उत्पादनमा उल्लेख्य वृद्धि भएको हो ।

## २.३. पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

२.३.१ **पशुपंक्षी उत्पादन:** समीक्षा अवधिमा दूध उत्पादन १.१४ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधीमा दूध उत्पादन ७.३२ प्रतिशतले बढेकोथियो। समीक्षा अवधिमा मासुजन्य उत्पादन २ प्रतिशतले बढेको थियो भने गत वर्षको सोही अवधिमा मासु उत्पादन ३.५४ प्रतिशतले बढेको थियो । मासुजन्य उत्पादनतर्फ भैंसी/राँगोको मासु उत्पादन ३.३८ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन २.८६ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन १.८३ प्रतिशतले बढेको छ भने कुखुरा तथा हाँसको मासु उत्पादन २.७१ प्रतिशतले घटेको छ।

समीक्षा अवधिमा अण्डा उत्पादन ०.४७ प्रतिशत, उन उत्पादन ०.९० प्रतिशत, हाड उत्पादन १.२१ प्रतिशत र छाला उत्पादन ९.०१ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा अण्डा उत्पादन ५.९९ प्रतिशत, उन उत्पादन १४.८८ प्रतिशत, हाड उत्पादन ०.०१ प्रतिशत र छाला उत्पादन ४.९३ प्रतिशतले बढेको थियो ।


**२.३.२** समीक्षा अवधिमा माछा उत्पादन २.१६ प्रतिशतले वृद्धि भएको छ । गत आ.व.को सोही अवधिमा माछा उत्पादन १.१५ प्रतिशतले वृद्धि भएको थियो ।

**२.३.३** समीक्षा अवधिमा वनजन्य उत्पादनतर्फ औषधीजन्य वस्तु उत्पादनमा ८३.७६ प्रतिशत, दाउरा उत्पादनमा १६.७७ प्रतिशतले बद्धि भएको छ भने काठ उत्पादनमा ४१.५३ प्रतिशत तथा अन्य उत्पादनमा १७.५४ प्रतिशतले ह्रास आएको छ । कोभिड १९ का कारणले यस आ.व.को केही महिना काठ/दाउरा कटान तथा ओसारपसार रोकिएको तथा सरकारले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेज गरेका कारण काठको उत्पादनमा उल्लेख्य कमी आउन गएको हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा दाउरा उत्पादनमा ८८.९१ प्रतिशत र औषधीजन्य उत्पादनमा १२.४९ प्रतिशतले वृद्धि भएको थियो भने काठ उत्पादनमा २१.१२ प्रतिशत र अन्य उत्पादनमा १५.३३ प्रतिशतले ह्रास आएको थियो।

सरकारले बैज्ञानिक वन व्यवस्थापन कार्यक्रम खारेज गरेका कारण डडेल्धुरा, बैतडी लगायतका जिल्लाहरुबाट सल्लोको काठको माग बढेको कारण काठको उत्पादनमा उल्लेख्यवृद्धि भएको छ । बैतडी जिल्लामा वन पैदावार सम्बन्धी पञ्चवर्षिय योजना यसै वर्ष स्वीकृत भई लागु भएको, गत वर्ष कोभिडका कारण संकलन मात्र भई बिक्रि वितरण हुन नसकेको जडिबुटी, खोटो लगायतका उत्पादनहरु यस आ.व.मा बिक्री भएको कारण उक्त उत्पादनहरुमा उल्लेख वृद्धि भएको हो ।

## २.४ सिंचाई

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिंचित क्षेत्रफल २.०७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सिंचित क्षेत्रफल १०.९५ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ३०.५४ प्रतिशत क्षेत्रफल सिंचित रहेको छ । कुल सिंचित क्षेत्रफलमध्ये २२.१७ प्रतिशत कुलो र ७५.९४ प्रतिशत नहरबाट सिंचित भएकोमा पोखरी, बोरिङ्ग तथा थोपा सिंचाई प्रणालीबाट नगन्य मात्रामा सिंचाई भएको देखिन्छ ।




स्रोत : जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु

## २.५ क्षेत्रगत कृषि कर्जा

२०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०७७ असार मसान्तको तुलनामा ४०.७१ प्रतिशतले वृद्धि भई रु.११ अर्व ५१ करोड ६४ लाख पुगेको छ । गत वर्षको सोही

अवधिमा यस्तो कर्जा ३० प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश १०.४५ प्रतिशत रहेको छ ।

### २.६ सहुलियतपूर्ण कर्जा

२०७७ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जा २०७७ असार मसान्तको तुलनामा १३८.३०प्रतिशतले वृद्धि भई रु.४अर्ब ७३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ५३.७५ प्रतिशतले वृद्धि भएको थियो ।

### २.७ कृषि क्षेत्रका सम्भावना र चुनौतीहरु

**चुनौतीहरुः**

१. बसाइँ सराईका कारण बाँझो हुँदै गएको पहाडी जिल्लाहरुको खेतीयोग्य जमिन प्रयोगमा ल्याई कृषि उत्पादन बढाउनु ।

२. श्रम र सिप हुनेहरुमा कृषि भूमिको पहुँच पुऱ्याई आधुनिक प्रविधिको प्रयोग गरी कृषिलाई व्यवसायीकरण गर्नु ।

३. गैर कृषि क्षेत्रको विकासको आधारको रुपमा रहेको कृषि क्षेत्रको विकासका पूर्वाधार (सिंचाई, सडक, बिजुली, संचार, उद्योग तथा उन्नत प्रविधिहरु) मा पर्याप्त लगानी आकृष्ट गर्नु ।

४. विदेशबाट फर्किएका युवाहरुलाई कृषि क्षेत्रमा आवद्ध गराउनु ।

**सम्भावनाहरुः**

१. सुदूरपश्चिम प्रदेशको भौगोलिक परिवेशले उपलब्ध गराएको अवसर र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा सुनिश्चित गर्न सकिने अवस्था रहेको ।

२. कैलाली र कञ्चनपुर जिल्लाहरु उखु खेतीका लागि उपयुक्त रहेको एवं कञ्चनपुर जिल्लामा दुईवटा चिनी मिल सञ्चालनमा रहेकाले उखुखेतीको प्रशस्त सम्भावना रहेको ।

३. यस प्रदेशका पहाडी जिल्लाहरुमा डालेघाँसको लागि उपयुक्त हावापानी रहेकोले बाख्रा लगायत पशुपालनको लागि उपयुक्त रहेको ।

४. राष्ट्रिय गौरवको रानी जमरा कुलरिया सिंचाई आयोजना निर्माणको अन्तिम चरणमा रहेकोले कैलाली जिल्लाको तराई भू-भागमा सिंचाई सुविधामा विस्तार भई तरकारी लगायतका अन्य खाद्यबालीको उत्पादनमा वृद्धि हुन सक्ने ।

परिच्छेद ३

# उद्योग क्षेत्र

### ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४९.३९ प्रतिशत रहेको छ । आ.व. २०७७/७८ को पहिलो ६ महिनामा गत आ.व.को सोही अवधिको तुलनामा साबुन, गहुँको पिठो, प्रशोधित दुध, चामल तथा इँटा उत्पादन गर्ने उद्योगको क्षमता उपयोग बढेको छ । रोजिन, प्रशोधित दूध र चामल उत्पादन गर्ने उद्योगहरुको उत्पादन क्षमता उपयोग अत्यन्तै न्यून रहेको छ । रोजिन उत्पादन गर्ने उद्योगमा कामदारहरुको अभाव तथा कोभिड-१९ का कारण असोज महिनाको अन्त्यसम्म पनि उद्योगहरु सञ्चालनमा आउन नसकेको कारण उत्पादन न्यून हुन गएको, दूधको आपूर्ति कम भएको कारण प्रशोधित दूध उत्पादन गर्ने उद्योगको उत्पादन न्यून रहेको छ ।


समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगहरुमा गत आ.व.सोही अवधिको तुलनामा रोजिन र चिनी उत्पादनमा ह्रास आएको र अन्य वस्तुहरुको उत्पादनमा वृद्धि भएको छ । अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार ४ रहेको छ । रोजगारीमा आवद्ध महिला तथा पुरुषको अंश क्रमशः ३२ प्रतिशत र ६८ प्रतिशत रहेको छ भने १० प्रतिशत भारतीय नागरिकहरु रहेका छन् ।

### ३.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७७ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा संचालित औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७७ असार मसान्तको तुलनामा १९.७४ प्रतिशतले वृद्धिभई रु.२३ अर्व ९२ करोड ११ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा १०.२६प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश २१.७१ प्रतिशत रहेको छ ।

२०७७ असार मसान्तको तुलनामा कुल औद्योगिक कर्जामध्ये धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक सम्वन्धी उद्योगमा २०७७ पुष मसान्तसम्म प्रवाहित कर्जा सबैभन्दा बढी ४९.३६ प्रतिशतले वृद्धि भएको छ भने विद्युत ग्याँस तथा पानी सम्वन्धी उद्योगमा सवैभन्दा कम ७.९२ प्रतिशतले वृद्धि भएको छ ।

२०७७ पुष मसान्तसम्म प्रवाहित कुल औद्योगिक कर्जामा गैरखाद्यवस्तु सम्वन्धी उद्योगको १८.०६ प्रतिशत, निर्माण सम्वन्धी उद्योगको ४०.६१ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्वन्धी उद्योगको ३३.२८ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगको ०.५० प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिक उद्योगको ७.११ प्रतिशत, खानी सम्वन्धी उद्योगको ०.४४ प्रतिशत अंश रहेको छ ।




स्रोत : छनौटमा परेको उद्योगहरु

समीक्षा अवधिमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जा मध्ये कैलाली जिल्लाको अंश ७२.२७ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश १९.९२ प्रतिशत, डडेल्धुरा, डोटी, बझाङ, अछाम, दार्चुला, बाजुरातथा बैतडीको अंश क्रमशः ३.११ प्रतिशत, १.३३ प्रतिशत, ०.८१ प्रतिशत, ०.८० प्रतिशत, ०.६३ प्रतिशत, ०.६० प्रतिशत र ०.५४ प्रतिशत रहेको छ ।

### ३.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरु:**

१. औद्योगिक असुरक्षा, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरुमा विविधीकरणको कमी आदि उद्योग सञ्चालनका लागि मुख्य चुनौतीको रुपमा रहेको ।

२. आपूर्ति व्यवस्थापनलाई चुस्त तथा प्रभावकारी बनाउनु ।

३. स्थानीय रुपमा उपलब्ध स्रोतहरुको उपयोग गर्नुका साथै, स्वदेशी श्रम शक्तिको दक्षता अभिवृद्धि गर्नु ।

४. निर्यातयोग्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु तथा वस्तु विविधीकरण एवं उत्पादकत्व बढाउनु ।

**सम्भावनाहरु:**

१. सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने सल्लोको प्रयोग गरी रोजिन एण्ड टर्पेन्टाइन उद्योगकोस्थापना तथा क्षमता वृद्धि गर्न सकिने ।

२. डोटी, डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ तथा बाजुरा जिल्लामा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिबुटी प्रशोधनका लागि जडिबुटी प्रशोधन उद्योग स्थापनागर्न सकिने ।

३. कैलाली र कञ्चनपुर जिल्ला कृषि उत्पादनका लागि उर्वर भएका कारण कृषिजन्य उद्योगहरुकोस्थापना गर्न सकिने ।

४. यस प्रदेशमा पर्याप्तमात्रामा मकैको उत्पादन हुनुका साथै व्यावसायिक बंगुर तथा कुखुरापालन बढ्दै गएकोले पशुदाना सम्वन्धी उद्योग स्थापना गर्न सकिने ।

५. डडेल्धुरा, बैतडी तथा डोटी जिल्लामा प्रशस्तमात्रामा भटमास खेती हुने भएकाले ती जिल्लाहरुमा भटमास प्रशोधन उद्योगको स्थापना गर्न सकिने ।

परिच्छेद ४

# सेवा क्षेत्र

## ४.१ पर्यटन

समीक्षा अवधिमा सुदुरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुर र डडेल्धुरा जिल्लामा थप पर्यटकस्तरीय होटलहरु सञ्चालनमा आएको भएपनि डोटी र दार्चुला जिल्लामा केही पुराना होटलहरु बन्द भएकोले समग्र रुपमा होटल तथा लजको संख्यामा कुनै परिवर्तन आएको छैन । होटलको संख्यामा वृद्धि नभएतापनि होटल शैयाको संख्या भने ४.५६ प्रतिशतले वृद्धि भई १ हजार ५ सय १२ पुगेको छ । पर्यटकस्तरीय होटल तथा लजमा प्रत्यक्ष रोजगारी संख्या गत आ.व.को सोही अवधिको भन्दा २८.५९ प्रतिशतले ह्रास भई ४ सय ४२ रहेको छ । कोभिड-१९ का कारण पर्यटन क्षेत्र सहज रुपमा चलायमान हुन नसक्दा होटल तथा लजहरुले कर्मचारीको संख्यामा कटौती गरेका कारण सो संख्यामा उल्लेख्य ह्रास आउन गएको हो ।

## ४.२ सार्वजनिक निर्माण तथा रियल स्टेट

समीक्षा अवधिमा समग्र घर जग्गा रजिष्ट्रेशन संख्या १०.४७ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा सो संख्या ४.०७ प्रतिशतले वृद्धि भएको थियो । उक्त अवधिमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व संकलन ३६.५० प्रतिशतले वृद्धि भई रु.४७ करोड १६ लाखभएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन २०.१३ प्रतिशतले वृद्धि भएको थियो । आ.व.२०७७/७८ को प्रथम छ महिनामा घर/भवन नक्सा पास संख्या २२.५१ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा घर/ भवन नक्सा पास संख्या १.६९ प्रतिशतले बढेको थियो ।

यस वर्ष कोभिड १९ को असर कम हुदै जानु तथा लकडाउन हटेका कारण आर्थिक क्रियाकलापहरु पुनः सुचारु भएकाले घरजग्गा रजिष्टेशन संख्यामा उल्लेखनीय वृद्धिभएको हो ।


समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लाहरु मध्ये कञ्चनपुर जिल्लामा घर/भवन नक्सा पासमा ह्रास आएकोछ भने बाजुरा जिल्लामा एउटा पनि घर/भवन नक्सा पास नभएको र अन्य सबै जिल्लाहरुमा नक्सा पास संख्यामा वृद्धि भएको छ । कोभिड-१९ का कारण बन्दाबन्दीको अवस्थाबाट यस आर्थिक वर्षमा आर्थिक क्रियाकलापहरु सुचारु हुनुका साथै पहाडी जिल्लाहरुमा कर्जा लगायतका प्रयोजनका लागि घर नक्सा पास गर्ने प्रचलन बढेका कारण नक्सा पास संख्यामा उल्लेख वृद्धि भएको हो । बाजुरा जिल्लामा नक्सा पास गर्ने प्रचलन विगतमा नरहेकोले यस वर्ष समेत नक्सा पासको संख्या शुन्य रहेको छ ।

## ४.३ वित्तीय सेवा

समीक्षा अवधिमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३१६, विकास बैंकका ४४, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ३५६ गरी जम्मा ७२२ शाखा सञ्चालनमा छन् । यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३२५ तथा बाजुरा जिल्लामा सबैभन्दा कम २२ शाखा सञ्चालनमा छन् ।

२०७७ पुस मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७७ असार मसान्तको तुलनामा ९.४१ प्रतिशतले वृद्धि भई रु.९१ अर्ब ७० करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ४.२६ प्रतिशतले वृद्धि भएको थियो ।

२०७७ पुस मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०७७ असार मसान्तको तुलनामा २४.९६ प्रतिशतले वृद्धि भई रु.११० अर्व २० करोड ८३ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा १३ प्रतिशतले वृद्धि भएको थियो ।




स्रोत : बैंक तथा वित्तीय संस्थाहरु

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको निक्षेपमा कैलालीको अंश सबैभन्दा बढी अर्थात् ४८.८४ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.२३ रहेको छ। अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८.६२ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.९४ प्रतिशत रहेको छ।


### ४.४ यातायात

समीक्षा अवधिमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या अघिल्लो वर्षको तुलनामा १३.०७ प्रतिशतले वृद्धि भई १ लाख ३६ हजार ४ सय ६२ पुगेको छ। यस मध्ये मोटरसाइकलको संख्या १३.७८ प्रतिशतले वृद्धि भई १ लाख १२ हजार ८७ तथा अन्य सवारी साधनको संख्या ९.९४ प्रतिशतले वृद्धि भई २४ हजार ३ सय ७५ पुगेको छ।

### ४.५ सेवा क्षेत्र कर्जा

२०७७ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७७ असार मसान्तको तुलनामा २३.९३ प्रतिशतले बढेर रु.५० अर्व६ करोड १७ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २३.८७ प्रतिशतले वृद्धि भएको थियो। कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ४५.४२ प्रतिशत रहेको छ।

समीक्षा अवधिमा कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेता सम्वन्धी व्यवसायमा ७२.२० प्रतिशत, वित्त, बीमा तथा अचल सम्पत्तिमा ९.९७ प्रतिशत, अन्य सेवा व्यवसायमा प्रवाहित कर्जा ६.७३ प्रतिशत, यातायात भण्डारण र संचारमा ५.६८ प्रतिशत तथापर्यटनमा५.४२ प्रतिशत कर्जा प्रवाह भएको छ।




स्रोत : बैंक तथा वित्तीय संस्थाहरु

२०७७ पुष मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ७१.०९ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश १६.६२ प्रतिशत, डडेल्धुरा, डोटी, अछाम, बैतडी , दार्चुला, बझाङ तथा बाजुराको अंश क्रमशः २.८० प्रतिशत, २.३३ प्रतिशत, २.०८ प्रतिशत, १.५१ प्रतिशत, १.३३ प्रतिशत, १.१९ प्रतिशत र १.०३ प्रतिशत रहेको छ ।

### ४.६ सेवा क्षेत्रको चुनौती र सम्भावना

**चुनौतीहरुः**

१. सुदूरपश्चिम प्रदेशको विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धन मार्फत् आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु ।

२. प्राविधिक सीपयुक्त जनशक्ति स्वदेशमै उत्पादन गर्नुतथा लघु उद्यमको माध्यमबाट स्वरोजगार अभिवृद्धि गर्नु ।

३. वित्तीय सचेतना अभिवृद्धि गर्दै कर्जाको माग पक्ष सबल बनाउनुका साथै ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा कृषि लगायत अन्य उत्पादनशिल क्षेत्रहरुमा प्रभावकारी रुपमा प्रवाह गर्नु ।

**सम्भावनाहरुः**

१. सबैजसो स्थानीय तहमा वाणिज्य बैंकका शाखा पुगिसकेको अवस्थामा बैंकिङ पहुँचमा वृद्धि भई स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना हुन सक्ने ।

२. स्थानीय तथा प्रदेश सरकारबाट पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण एवं प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालनमा रहेकोले आन्तरिक एवं बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवं रोजगारीमा टेवा पुग्न सक्ने ।

३. जनसंख्याको अनुपातमा कर्जा लगानी थोरैमात्र रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।

परिच्छेद ५

# पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

२०७७ फागुनसम्ममा राष्ट्रियरुपमा विद्युत पहुँच पुगेको जनसंख्या ९३.०० प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा ६४.६९ प्रतिशत रहेको छ । त्यसैगरी सोही अवधिसम्म विद्युत उत्पादन १३८६.१० मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशबाट ५२ मेगावाट विद्युत उत्पादन भएको छ ।


आर्थिक वर्ष २०७७/७८को फागुन मसान्तसम्ममा स्थानीयस्तरबाट राष्ट्रियस्तरमा ६३ हजार ५ सय ७७ किलोमिटर सडक निर्माण भएकोमा सो मध्ये कच्ची, ग्राभेल र कालोपत्रे सडक क्रमशः ४५ हजार ९ सय ६, १३ हजार ३ सय ९७ र ४ हजार २ सय ७४ किलोमिटर रहेको छ । सोही अवधिसम्ममा सुदूरपश्चिम प्रदेशमा ५ हजार ३ सय २६ किलोमिटर सडक निर्माण भएकोमा कच्ची, ग्राभेल र कालोपत्रे सडकको अंश क्रमशः ३ हजार ९ सय ५४, १ हजार १ सय ५८ र २ सय १४ किलोमिटर रहेको छ । *(स्रोतः आर्थिक सर्वेक्षण २०७७/७८)*

## ५.२ वैदेशिक रोजगारी

समीक्षा अवधिमा यस प्रदेशबाट ४०७ जनाले (मासिकश्रम स्वीकृति विवरणहरु, २०७७-७८, बैदेशिक रोजगार विभाग) बैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ, जुन देशभरिबाट श्रम स्वीकृति लिने संख्याको झण्डै ३ प्रतिशत हुन आँउछ । सुदूरपश्चिम प्रदेशको वैदेशिक रोजगारीको प्रमुख गन्तव्य भारत रहेको छ । भारत जानेको संख्या यकिन नभएतापनि विभिन्न अनुमानहरुले करिब ५ देखि ७ लाखको संख्यामा यस प्रदेशका मानिस भारतमा रहेको देखाउँछ ।

## ५.३ प्रत्यक्ष वैदेशिक लगानी

आर्थिक वर्ष २०७६/७७ को अन्त्यसम्ममा सुदूरपश्चिम प्रदेशमा वैदेशिक लगानी रु.२ अर्व ४९ करोड ६० लाख प्रस्ताव गरिएका ६२ वटा परियोजनाको जम्मा लागत रु.४ अर्व ८० करोड रहेको छ जसमा प्रस्तावित वैदेशिक लगानीको अंश ५२ प्रतिशत रहेको छ ।




स्रोत : उद्योग विभाग

जिल्लागत रुपमा कञ्चनपुरमा सबैभन्दा बढी २३, कैलालीमा १९, बैतडीमा ८, अछाममा ४, दार्चुला र डडेल्धुरामा ३/३ तथा डोटी र बझाङमा १/१ परियोजनामा वैदेशिक लगानी प्रस्ताव गरिएको छ। परियोजना लागतका हिसावले कैलालीमा सबैभन्दा बढी रु.२ अर्व ९८ करोड र सबैभन्दा कम डोटीमा रु.१ करोड वैदेशिक लगानी रहेको छ। (Industrial Statistics 2076-77, उद्योग विभाग)

### ५.४ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

**चुनौतीहरुः**

१. पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख राखी स्थानीय आवश्यकता अनुसारका विकास निर्माणका योजना बनाउनु।
२. रणनीतिक महत्वका आयोजना तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक समन्वय एवं राजनैतिक सहमति जुटाउनु।
३. ठुला विकास निर्माणका आयोजना सञ्चालनका लागि आवश्यक आर्थिक तथा प्राविधिक स्रोत साधनको जोहो गर्नु।

**सम्भावनाहरुः**

१. योजना तथा कार्यक्रमहरुको स्थानीय स्तरबाटै प्रभावकारीरुपमा निरीक्षण तथा अनुगमनहुनसकेमा तोकिएकै समयमा कार्य सम्पन्न भई निर्माण कार्यको गुणस्तरमा पनि सुधार हुने।
२. पश्चिम सेती, कर्णाली, बुढीगंगा, चमेलिया तथा महाकाली जस्ता नदीहरु यस प्रदेशमा रहेकाले प्रशस्तमात्रामा जलविद्युत उत्पादनका साथै सिंचाई सुविधामा विस्तार भई कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्व बढ्न सक्ने।
३. उत्तर दक्षिण करिडोरका रुपमा रहेका महाकाली लोकमार्ग, सेती लोकमार्ग, खुटिया-दिपायल-चैनपुर-उरै लोकमार्गको निर्माण पश्चात सहज यातायात सम्पर्कका कारण व्यवसायिक लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्ने।

परिच्छेद ६

# आर्थिक परिदृष्य

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारण बन्दाबन्दीको अवस्थाले गर्दा कृषि, उद्योग तथा सेवा क्षेत्रको उत्पादन, वितरण, बजारीकरण लगायत आपूर्ति श्रृंखलामा परेको अवरोधका कारण न्यून हुन गएका आर्थिक गतिविधिहरुहाल कोभिड-१९ को असर कम हुदै गएको र आर्थिक क्रियाकलापहरु बढ्न थालेकाले आर्थिकपरिदृष्यमासुधार हुदै जाने देखिन्छ ।

## ६.१ कृषि उत्पादन

धान बालीका ब्लक र पकेट क्षेत्रमा उन्नत बीउ र रासायनिक मलमा उपलब्ध गराइने अनुदान तथा उन्नत जातको वीउको प्रयोगका कारण धानको उत्पादनमा करिब १० प्रतिशत र गहुँको उत्पादनमा ५ प्रतिशतले वृद्धि हुन सक्ने सरोकारवालाहरुको अनुमान रहेको छ ।

पकेट र ब्लक विकास कार्यक्रम मार्फत् तरकारी उत्पादनमा आधुनिक प्रविधिको प्रयोग र सिँचाई सुविधामा वृद्धि हुनुका साथै विभिन्न जिल्लाहरुमा मुख्यमन्त्री नमुना गाँउ कार्यक्रम लागु भएको कारण वर्षे तरकारीको उत्पादनमा करिब१० प्रतिशतले वृद्धि हुने अनुमान छ ।

पहाडी जिल्लाहरुमा स्याउ जोन, मुख्यमन्त्री नमुना फलफूल गाउँ जस्ता कार्यक्रमहरु लागु भएको कारण फलफूलको समग्र उत्पादन १० प्रतिशतले वृद्धि हुनसक्ने विज्ञहरुको अनुमान रहेको छ ।

नश्ल सुधार, बजार व्यवस्थापन, उन्नत पशु आयात, कृषकहरु पशुपालन तर्फ आकर्षित हुनु, सहुलियत व्याजदरमा कृषि कर्जा तथा पशु बिमा योजना उपलब्ध हुनु, किसान लेयर्स तथा ग्रामीण कुखुरापालन तर्फ आकर्षित हुनु, पशुपालनमा मुख्यमन्त्री नमुना कार्यक्रम, मध्यपहाडी लोकमार्ग दुग्ध उत्पादन जस्ता कार्यक्रमहरु सञ्चालनमा आएका कारणदूध उत्पादन ५ प्रतिशत, मासु उत्पादन ५ प्रतिशत, अण्डा उत्पादन १० प्रतिशतले वृद्धि हुने अनुमान भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका विज्ञहरुले गरेका छन् ।

## ६.२ औद्योगिक उत्पादन

कोभिड-१९ का कारण संकटमा परेका उद्योगहरु पूर्ण रुपमा सञ्चालन हुन नपाउँदै पुनः महामारीको दोस्रो लहर फैलिन सक्ने सम्भावनाका कारण औद्योगिक उत्पादनको लागि चाहिने कच्चा पदार्थ तथा जनशक्तीको अभाव हुन गई पूर्णरुपमा सञ्चालन हुन कठिनाई उत्पन्न हुनुको साथै न्यून उत्पादन हुन जाँदा औद्योगिक वस्तुको मूल्यमा चाप पर्ने देखिन्छ । साथै, थप नयाँ उद्योगहरु पनि स्थापना हुने अवस्था नरहेको तथा सञ्चालनमा रहेका उद्योगहरुले समेत कामदारहरु कटौती गर्न सक्ने अवस्था रहेकोले बेरोजगारीको समस्या बढ्न सक्ने देखिन्छ ।

महामारीले संकटमा परेका उद्योगहरु कोभिडको दोस्रो लहर फैलिनसक्ने सम्भावना समेत देखिएकोले थप प्रभावित हुन सक्ने देखिन्छ ।

## ६.३ सेवा क्षेत्र

कोभिड महामारीको दोस्रो लहर फैलिने सम्भावना समेत देखिएका कारण सबैभन्दा बढी सेवा क्षेत्रमा असर पर्ने देखिन्छ । पर्यटकीय मौसममा समेत वाह्य पर्यटकहरुको आगमन नभएकोले पर्यटनसँग सम्बन्धित व्यवसायहरु पूर्ण रुपमा सञ्चालनमा आउन नसक्दा ती क्षेत्रहरुमा आवद्ध थप रोजगारी समेत गुम्न सक्ने देखिन्छ । कोभिडका कारण सिर्जित संक्रमण जोखिमका कारण भारत, चीन तथा अन्य मुलुकबाट पर्यटकहरुको आवागमनमा अझ केही

समयसम्म अवरोध आउन सक्ने देखिएकोले सेवा व्यवसाय पूर्ण क्षमतामा सञ्चालन हुनेअवस्था नरहेको हुँदा सो क्षेत्रमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको साँवा व्याज असुलीमा समेत असर पर्ने देखिन्छ ।

### ६.४ पूर्वाधार क्षेत्र

कैलालीको **गेटा विमानस्थलको** स्तरोन्नति तथा यस प्रदेशका अन्य जिल्लामा रहेका विमानस्थलको पूननिर्माणको काम भइरहेको, कुल रु.२७ अर्ब ७० करोडको लागतमा राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको **रानी जमरा कुलरिया आयोजनाको २०७७ पुष मसान्तसम्मको भौतिक प्रगति ४८.७ रहेको,** रु.१ अर्ब ६५ करोडको लागत रहेको धनगढीको **मोहना पुलदेखि अत्तरिया चोकसम्मको** १४ दशमलव २ किलोमिटर लम्बाईको ६ लेन सडक आयोजनाको हालसम्मको भौतिक प्रगति ८५ प्रतिशत भएको, ५१ दशमलव ८ हेक्टर क्षेत्रमा फैलिएको झण्डै ८ अर्ब बराबरको लागतमा निर्माण भइरहेको **गेटा मेडिकल कलेज** लगायतका पूर्वाधारहरु निर्माणको अन्तिम चरणमा रहेकोले आन्तरिक पर्यटन, सिँचाई, स्वास्थ्य पूर्वाधार लगायतमा उल्लेख्य सुधार भई यस क्षेत्रको आर्थिक गतिविधि विस्तार गर्न सहयोग पुग्ने देखिन्छ ।

कञ्चनपुरको भुजेलामा बन्दै गरेको **सुख्खा बन्दरगाह** तथा **महाकाली नदीमा** निर्माणाधीन ४ लेनको ८०० मिटर लम्बाई भएको पक्की पुलको निर्माणपश्चात् भारतसँगको व्यापार अझ सहज हुने तथा दोधारा-चाँदनी क्षेत्रका नागरिकहरुलाई आफ्नै भूमि प्रयोग गरेर आवतजावत गर्न सजिलो हुनुका साथैउक्त क्षेत्रमा प्रचुर सम्भावना रहेको तरकारी लगायतका अन्य स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहयोगपुग्ने देखिन्छ ।

सुदूरपश्चिम प्रदेश सरकारले सबै नौ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी **प्रदेश गौरवका सडक** आयोजनाको रुपमा निर्माण कार्य सुरु गरेको छ । यसबाट यस प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडि परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ ।

यद्यपि, कोभिड महामारीको जोखिम सम्पूर्ण रुपमा कम नभएको तथा महामारीको दोस्रो लहर समेत आउन सक्ने परिस्थिति देखिएका कारण निर्माण सामग्री तथा दक्ष कामदारको अभावमा पूर्वाधार निर्माण थप प्रभावित हुन सक्ने देखिन्छ ।